cfa.vic.gov.au/languages

# के म यात्रा गर्न सक्छु?



# आगलागीको खतराको अवधि (Fire Danger Periods)

तपाईं आगलागीको खतराको समयमा (Fire Danger Period) यात्रा गर्न सक्नुहुन्छ तर पहिले मौसमको अवस्था र आगलागीको जोखिम जाँच गर्न निश्चित गर्नुहोस्:

- जहिले पनि आगलागीको खतरा सम्भाव्यता (Fire Danger Ratings) को जाँच गर्नुहोस्
- तपाईं यात्रा गर्ने ठाउँमा पूर्ण रूपमा आगो निषेधित दिन (Total Fire Bans) हुन सक्छ।
- चरम (Extreme) र विनाशकारी (Catastrophic) दिनहरूमा, उच्च आगलागीको जोखिम क्षेत्रहरूमा जाने तपाईंको योजनाहरू परिवर्तन गर्ने बारेमा सोच्नुहोस्।

तपाईं अद्यावधिक रहन सक्नुहुन्छः

- तपाईंको मोबाइलमा VIC आपतकालीन (Emergency) हटलाइन **1800 226 226** नम्बर राखी राख्नुहोस्।
- VIC Emergency एप डाउनलोड गर्नुहोस्।
- एपमा स्थान सेवाहरू (location services) खोल्नुहोस् र तपाईंले जान लाग्नुभएको ठाउँहरूको लागि निगरानी क्षेत्रहरू स्थाइना गर्नुहोस्।
- तपाईं बाटोमा हुँदा चेतावनी र सल्लाह सुन्न ABC रेडियो वा स्थानीय रेडियो सुन्नुहोस्।
- आपतकालीन अद्यावधिक जानकारीको लागि कुनै एक स्रोतमा मात्र भरोसा नगर्नुहोस्।

आगलागीको मौसममा यात्रा गर्ने बारे तपाईंले जान्न आवश्यक धेरै कुराहरू छन्।

अन्य जानकारीका स्रोतहरूको लागि **cfa.vic.gov.au/languages** मा जानुहोस्।

# कामदारहरूको लागि बुशफायर्स (डढेलो) सुरक्षा

हाम्रो अनलाइन ई - लर्निङ मोड्युलमा **cfa.vic.gov.au/atrisk*** जानुहोस् र यसले गर्मीको समयमा भिक्टोरियामा यात्राको बारेमा थप जानकारी प्रदान गर्दछ।

*अनलाइन अध्ययन पाठ्यक्रमहरू अंग्रेजी भाषामा मात्र उपलब्ध छन्।

थप कुराहरू जान्नको लागि QR कोड स्क्यान गर्नुहोस्।

**हामी सबै मिलेर आगलागीबाट बच्न सक्छौं।**